# स्थानीय राजपत्र

मिथिला नगरपालिका, नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ३ मिथिला, माघ २७ गते, २०८२ साल संख्या २

## भाग-१

## मिथिला नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि ऐन, २०८२

मिथिला नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी १५औं नगरसभाले देहायको कार्यविधि ऐन वनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भ**</u> :

(१) यो कार्यविधिको नाम **"मिथिला नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि ऐन, २०८२"** रहेको छ।

(२) यो कार्यविधि ऐन राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. मिथिला नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि ऐन, २०७९ को दफा ४ मा थप:

यस दफाको उपदफा (१) वमोजिम समितिको निर्णयानुसार प्रमुख प्रशसकिय अधिकृतले खानेपानीको मुहान दर्ता गर्नु पर्नेछ ।

मिथिला नगरपालिका

३. मिथिला नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि ऐन, २०७९ को दफा ७ मा थपः

(४) उपदफा (१) बमोजिमको अवस्था उत्पन्न भएमा यसै ऐनको दफा ११ बमोजिम नगरपालिकाले कारवाही गर्नु पर्नेछ ।

४. मिथिला नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि ऐन, २०७९ को दफा ८ मा संशोधनः

(१) मिथिला नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि ऐन, २०७९ को दफा ८ को उपदफा १ झिकिएको छ ।

५. मिथिला नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि ऐन, २०७९ को दफा ८ मा थपः

(१) यो कार्यविधि ऐन प्रारम्भ हुनुभन्दा अघि जलश्रोत ऐन २०४९ तथा जलश्रोत नियमावली २०५० बमोजिम वा तत्कालीन अवस्थामा अन्य कुनै प्रचलित ऐन नियम तथा कार्यविधी बमोजिम दर्ता भई वा नभई स्थापना भईरहेका यस नगर क्षेत्र भित्रका खानेपानी उपभोक्ता तथा सरसफाई समिति वा अन्य कुनै नाम राखी सञ्चालन भैरहेको वा भएको खानेपानी उपभोक्ता समितीले विगतमा जे जस्तो प्रकारबाट सञ्चालन गरेको भएपनि यो संशोधन कार्यविधि प्रारम्भ भएको मितिले एक पटकको लागि एक वर्ष (१ वर्ष) भित्रमा यो कार्यविधि ऐन बमोजिम यस नगरपालिकामा नविकरण तथा सुचिकृत गराउनु पर्नेछ ।

(२) यस दफाको उपदफा (१) बमोजिम नविकरण तथा सुचिकृत दर्ता हुनकोलागि त्यस्ता उपभोक्ता समितिहरुले विगतमा जुनसुकै तरिकाले सञ्चालन गरेको भएपनि यो कार्यविधि ऐन जारी भएपश्चात नविकरण तथा सुचिकरण दर्तागर्न आउँदा नविकरण तथा सुचिकरण दर्ता गरिने वर्ष भन्दा एक आर्थीक वर्ष अगाडीको लेखा परिक्षण प्रतिवेदन र यस कार्यविधि ऐन

मिथिला नगरपालिका

बमोजिम नविकरण तथा सुचिकरण दर्ताकोलागि साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(३) यस दफाको उपदफा (२) बमोजिम नविकरण तथा सुचिकरण गर्न आउने उपभोक्ता समितिहरुलाई यस कार्यविधी ऐनको अन्य दफाहरुमा जे सुकै लेखिएको भएपनि एकपटककोलागि नविकरण तथा सुचिकरण दर्ता बापत एकमुष्ट रु.५०००।०० (रु पाँच हजार मात्र) दस्तुर लिई नविकरण तथा सुचिकरण गरिने छ । तर यस दफामा तोकिएको समय भित्र नविकरण तथा सुचिकरण गर्न नआएका तथा समय गुजारेर आउने उपभोक्ता समितिहरुलाई गुजारेको समयको बार्षीक रुपमा रु.१०००।०० (एक हजार मात्र) को दरले थप दस्तुर लिई नविकरण तथा सुचिकरण गरिदिनु पर्नेछ ।

(४) यस दफाको उपदफा (३) बमोजिम कुनै उपभोक्ता समितिहरु यस कार्यविधि ऐन बमोजिम एक पटक नविकरण तथा सुचिकरण भए पश्चात विगतमा जुन कानुन बमोजिम दर्ता भएको भएपनि अव उप्रान्त यसै कार्यविधि ऐन बमोजिम सञ्चालन गर्नु पर्नेछ । यस कार्यविधि ऐन बमोजिम नविकरण वा सुचिकरण भएका विगतका उपभोक्ता समितिहरुलाई यसै ऐन बमोजिम प्रमाण पत्रको ढाँचा अनुसूची-३ वमोजिम हुनेछ ।

६.मिथिला नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि ऐन, २०७९ को दफा १० मा थप:

**उपभोक्ता संस्थाको कार्यसमिति**

(१) खानेपानि सरसफाई तथा उपभोक्ता समिति वा सँस्थाको कार्यसमिति कम्तिमा सात (७) र बढिमा पन्ध्र (१५) सदस्यीय हुनु पर्नेछ र यस्तो कार्यसमिति गठन गर्दा उपभोक्ता समिति तथा सँस्थाको क्षेत्रभित्रका स्थायी नागरिक बासीन्दा मध्येबाट समाजिक तथा लैगिंक समावेशिकरणको प्रतिनिधित्वलाई ध्यान दिनु पर्नेछ ।

(२) खानेपानी सरसफाई तथा उपभोक्ता समिति वा सँस्थाको कार्यसमितिमा कम्तीमा तेतिस (३३) प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ र अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक (१) पदमा महिला पदाधिकारी हुनु पर्नेछ।

(३) यस नगर भित्रको खानेपानी सरसफाई तथा उपभोक्ता समिति वा सँस्थाले लगातार दुई वर्ष सम्मपनि साधारण वा विशेष सभा आयोजना नगरेमा यस ऐनको दफा १६ बमोजिम नगरपालिकाले आवश्यक कारवाही प्रक्रिया अवलम्वन गर्न सक्नेछ।

७. मिथिला नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि ऐन, २०७९ को दफा १५ मा थप:

(१) यस दफाको उपदफा (१) बमोजिम नगरपालिकाको कार्यालयले दिएको निर्देशन बमोजिम कार्यान्वयन नगर्ने उपभोक्ता समिति वा सँस्था वा सेवा प्रदायक सँघ सँस्था वा कम्पनी वा दुई वर्ष सम्म लगातार रुपमा साधारण सभा वा विशेष सभा नगर्ने उपभोक्ता समिति वा सँस्था वा सेवा प्रदायक सँघ सँस्था वा कम्पनीको विरुद्ध कुनै सेवाग्राही वा उपभोक्ताले वा उपभोक्ता समुहले जानकारी गराएमा वा नगरपालिकाको आफनै जानकारी भएमा त्यस्ता उपभोक्ता समिति वा सँस्था वा सेवा प्रदायक सँघ सँस्था वा कम्पनीलाई सचेत गराउने, समिति विघटन गराउने वा सेवा प्रदायकको दर्ता अनुमति खारेज सम्मको कारवाही गर्न नगर प्रमुखको निर्देशनमा समिति विघटन गरी दफा ११ वमोजिम नगर प्रमुखले समिति गठन गर्ने सक्नेछ ।

मिथिला नगरपालिका

**अनुसूची-३**

**(दफा ८ को उपदफा ४ सँग सम्बन्धित)**

मिथिला नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ढल्केवर,धनुषा

मधेश प्रदेश नेपाल

**उपभोक्ता संस्था दर्ता प्रमाण पत्र**

साविकको दर्ता नं.

साविकको दर्तावाल निकायः

दर्ता नं.................................

दर्ता मितिः...............................

श्री.............................................................

(सम्बन्धित उपभोक्ता संस्थाको नाम)

मिथिला नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि ऐन, २०७९ को दफा ८ को उपदफा ४ वमोजिम मिति........................................................मा यस कार्यालयमा सुचिकृत गरी यो दर्ता प्रमाण पत्र प्रदान गरिएको छ ।

दस्तखतः...............................

नाम.थरः..............................

पदः..............................

कार्यालयको छापः

आज्ञाले

हरि शंकर यादव

प्रमुख प्रशासकीय अधिकृत

मिथिला नगरपालिका